# ढोरपाटन शिकार आरक्षको मुख्य प्रजाति : नाउर


प्रकाश थापा[1] र भुवन राज ओझा[2]
Corresponding author : Prakash Thapa
Email : love_prakash01@yahoo.com

## सारांश (Abstract)

नेपालको पश्चिचमाञ्चल तथा मध्यपश्चिचमाञ्चल विकास क्षेत्रमा पर्ने पहिलो र एक मात्र शिकार आरक्ष; ढोरपाटन शिकार आरक्ष जैविक विविधताले भरिपूर्ण छ । ढारपाटन शिकार आरक्षमा विभिन्न किसिमका संरक्षित तथा अन्य वन्यजन्तुको लागि अत्यन्त उत्तम वासस्थानको रुपमा रहेको छ । Timber line भन्दा माथि रहेको घासे मैदानमा नाउर (Blue Sheep)– *Pseudois nayaur* dominant प्रजातिको रुपमा रहेको छ । यस लेखमा ढोरपाटन शिकार आरक्षको मुख्य प्रजाति नाउरको वर्तमान अवस्थाको जानकारी दिइनुको साथै यस क्षेत्रको संरक्षण र विकासमा योगदान पुऱ्याउन संम्बन्धित पक्षलाई दबाब दिइएको छ ।

## परिचय (Introduction) :-

नेपाल जैविक विविधताले भरिपूर्ण देश हो । विश्वको करिव ०.१ प्रतिशत भू भाग मात्र नेपालले ओगटे पनि विभिन्न प्राकृतिक स्रोत तथा साधनहरुले गर्दा विश्व सामू नेपाल एक महत्वपूर्ण गन्तव्य स्थल बन्न पुगेको छ । विश्वकै अग्लो हिमाल सगरमाथादेखि लिएर विश्वकै दुर्लभ वन्यजन्तु र वनस्पति नेपालमा रहेका छन् । यही सुन्दर देश नेपालको पश्चिमी भेगमा पर्ने पर्यटकीय आकर्षणको केन्द्र हो ढोरपाटन शिकार आरक्ष । जुन नेपालको पहिलो र एक मात्र शिकार आरक्ष हो ।




ढोरपाटन शिकार आरक्ष सन् १९८३ मा स्थापित गरिए पनि सन् १९८६ मा राजपत्रमा प्रकाशित गरिएको थियो । यस शिकार आरक्षले पश्चिचमाञ्चल विकास क्षेत्रका जिल्लाहरु बागलुङ, म्याग्दी र  मध्यपश्चिचमाञ्चल विकास क्षेत्रको रुकुम जिल्ला गरी १,३२५ वर्ग कि.मी क्षेत्रफल ओगटेको छ । यो आरक्ष २८°३६’३०” उत्तरी

[1] Student, Kathmandu Forestry College

आक्षांशदेखि २८°१५' उत्तरी आक्षांश सम्म र ८२°१५' पूर्वदेखी ८३°१५' पूर्वी देशान्तरसम्म फैलिएका छ । समुन्द्र सतहवाट ३,००० मी. देखी ७००० मी. सम्म उचाइ भएको ढोरपाटन शिकार आरक्षमा शितोष्ण (Temperate), लेकाली (Sub-alpine), र हिमाली (Alpine) गरी तीन किसिमका हावापानी पाइन्छ । हावापानीको विविधता सगैं वनस्पति तथा वन्यजन्तुमा पनि विविधता पाइन्छ ।

ढोरपाटन शिकार आरक्ष विभिन्न किसिमका संरक्षित तथा अन्य वन्यजन्तुको लागि अत्यन्त उत्तम वासस्थानको रुपमा रहेको छ । Timber line भन्दा माथि रहेको घाँसे मैदान (वुकी) (जुन क्षेत्रले आरक्षको ५०% क्षेत्र ओगटेको छ) मा नाउर (blue sheep) dominant प्रजातिको रुपमा रहेको छ । यस आरक्षमा शिकार गर्न आउने शिकारीको पहीलो रोजाईको प्रजाति नै नाउर रहेको छ । नाउरलाई नेपालमा तल दिए अनुसार वर्गिकरण गरीएको छ ।



Nepali Name:- नाउर, भारल, नायन
English Name:-Blue Sheep
Scientifict Name: - *Pseudois nayaur*
Family: - Bouidae
Sub Family: - Caprinae
Class:-Mammalia

विश्व संरक्षण संङ्घ (IUCN) को खतराको सुची अनुसार यो प्रजाति कम सरोकार भएको (LC) वर्गमा पर्दछ । यो वन्यजन्तु नेपालको मुस्ताङ्गमा पनि सजिलै देख्न सकिन्छ ।



## बनावट (**Morphology**):–

यो उच्च हिमाली क्षेत्रको सुन्दर र आकर्षक जनावर हो । नाउर झ्वाट्ट हेर्दा भेडा भनिए तापनि यसमा भेडा र बाखा दुवैको गुणहरु देखिने भएकाले यसलाई विज्ञहरुले भेडा र बाखा बीचको प्रजातिका रुपमा लिने गर्दछन् । हिँउ चितुवा जंगली कुकुर (ढोले) र व्यांसो यो प्रजातिका मुल्य Predator हरु हुन । कस्तरी मृग, हिँउ चितुवा, झारल र नाउर एकै किसिमको परिस्थितिकिय प्राणाली Ecosystem भएकोृ क्षेत्रमा रहने जनावरहरु हुन् ।

साधारणतया यो प्रजातिको कुमसम्मको उचाई ३फीट र औसत तौल ५५–६० के.जी र पोथीको २५–३५ के.जी सम्म हुन्छ । सिङको औसत लम्बाइ २३–२४ इन्च (५८–६१) सेमी हुन्छ । सिङमा देखिने गोलो–गोलो रिङ्गहरुले उमेरको प्रतिनिधित्व गर्दछन् । यसको टाउकोको माथिल्लो भाग फुस्रो खैरो देखिन्छ । शरीरका रौँहरु वर्षायाममा हल्का नीलोमा खैरो मिसिएको जस्तो देखिए तापनी हिउँदमा फस्रो खरानी रङका देखिन्छन् । यिनीहरुको शरीरको रङ्ग आफू वस्ने ठाउँको माटो ढुङ्गा र चट्टान सँग मिल्दो जुल्दो हुन्छ । वयस्क

भाले नाउरहरुको अनुहार र छातीको रङ्ग कालो हुनुका साथै खुट्टाहरुमा माथि देखि तलसम्म कालो धर्को रहेको हुन्छ । पोथी नाउरमा यस्ता काला चिन्हहरु देखिदैनन् । यो जनावरको अनुहारमा कुनै ग्रन्थीहरु (Glands) नहुने भएकाले एक आपसमा लडाई गर्दा निधार ठोक्काएर लडाई गर्दछन् । अरु भेडा जातिमा जस्तै नाउरको वयस्क भालेको दाह्री हुदैन तर खुट्टामा ग्रन्थीहरु हुन्छन् । यसको Gland हरु खुरको मध्यको भागमा हुन्छ । यसैको आधारमा यसलाई अन्य बाखाबाट छुट्टयाउन सकिन्छ । भीर पहराहरुमा सजिलै हिँड्न सक्ने यो प्रजाति कहिले काँही एक्ला–एक्लै देखिए तापनि बथानका रुपमा प्राय २–४ वटा देखि बढीमा २०० सम्मको संङ्ख्यामा पनि भेटिने गर्दछन् ।

## वासस्थान (**Habitat**):–

हिमाली क्षेत्रको Tree Line भन्दा माथि रहेको घाँसे मैदान यस जनावरको मुख्य वासस्थान हो । यसले जंगल वा भ्काडी भएको क्षेत्रमा बस्न मन पराउदैन । ढोरपाटन क्षेत्रको ४००० मि देखि ५००० मिटर क्षेत्र भित्रको खर्क जग्गालाई यसले आफ्नो वासस्थान बनाएको छ । नाउरको लागि ढोरपाटन शिकार आरक्ष उत्तम वासस्थान मानिएको छ र दोगाडी ब्लकमा सबभन्दा बढी नाउर बस्ने गर्दछन् ।यस बाहेक डोल्पा, हुम्ला, मुगु र मुस्ताङ जिल्लामा पनि यसलाई देख्न सकिन्छ । नाउर २७००मी. देखि ५५०० मी. उचाइ सम्मका भीर, पहरा, चट्टान र वरिपरिका खुला चरन क्षेत्रमा पनि बस्न रुचाउँछन् ।

## आहारा (**Feeding ecology**):–

शाहाकारी वर्गमा पर्ने नाउरको मूख्य आहारा हरियो र पोसिलो घाँस तथा भ्कारपात लोनिसेरा र कोटोनियस्तर जस्ता स–साना विरुवाहरुलाई आफ्नो आहारा बनाउछन् तापनि कारागाना र जुनिपरका हाँगाहरु पनि कहिले काही लुछ्ने गर्ने गर्दछन् । हिउदे सिजनमा यो जनावरले सुकेका घाँसहरु खाएर जीवन निर्वाह गर्दछन् । यिनीहरु घाँसे चरन क्षेत्रहरुमा विशेष गरी भिराला ठाउँहरुमा बिहान र बेलुकी चर्ने गर्दछन् भने दिउँसोको समयमा पालै–पालो गरी चर्ने र आराम गर्ने गर्दछन् ।

## व्यवहार (**Behaviour**):–

नाउरको हेर्ने शक्ति र सुघ्ने शक्ति राम्रो भए पनि सुन्ने शक्ति कमजोर मानिन्छ् । पोथी भन्दा भालेमा आक्रमण गर्ने बानी (Aggressive behaviour) बढी हुन्छ । जब यिनीहरुमा प्रतिस्पर्धा हुन थाल्दछ तब यिनीहरु टाउको हल्लाउंछन्, पछाडीको खुट्टाले टेकेर उभिन्छन् र विरोधी माथि आक्रमण गर्दछन् । यसरी आक्रमण गर्दा कहिले काहीं भालेको सिङहरु एक आपसमा अड्कन पुग्दछन् र लड्ने वा मर्ने संभावना पनि हुन जान्छ । यसले खतरा भान भएमा लोखर्केले जस्तै चिरित–चिरित आवाज निकाल्दछ । आफुलाई सत्रुबाट बचाउन यसले भीर वा चट्टानमाथि चढ्ने गर्दछ । यो बथानमा बस्ने जनावर भएकाले ढोरपाटन शिकार आरक्षमा यसको ६१ वटा सम्मको ग्रप देखिएको पाईन्छ ।

## प्रजनन (**Reproduction**):–

वसन्त ऋतु र वर्षायाममा बूढा भालेहरु बढी उचाइमा बस्ने गर्छन् भने भाद्र–आश्विन तिर प्रजनन कार्यका लागि पुनः पोथी तथा स–साना भालेहरुको बथानमा मिसिन आउँछन् । प्रजनन कार्यको समयमा यसका बथानहरु भाले सहितको स–साना बथानहरुमा टुक्रिएको पाइन्छ। पोथी नाउरले ३ वर्ष देखि बच्चा जन्माउन थाल्दछ। यिनीहरुको गर्भधारणको अवधी ५–६ महिनाको हुन्छ र एक बेलामा एउटा बच्चा जन्माउने भएता पनि कहिले काही २ वटा पनि जन्मिने गर्दछ। प्रजनन समय (Mating Season) असोज देखि पौषसम्म हुन्छ। Mating Season को समाप्तीसंगै अर्को सिजनसम्मको लागि भाले र पोथी छुट्टिएर बस्ने गर्दछन् ।

## ढोरपाटन शिकार आरक्षमा नाउरको अवस्था

नेपालको ढोरपाटन शिकार आरक्षमा यसको स्थिति अत्यन्त राम्रो छ। यस आरक्षमा नाउरका लागि आवश्यक पर्ने घाँसे मैदान प्रचुर मात्रामा रहेकाले यो क्षेत्र नाउरका लागि उत्तम वासस्थान बनेको छ। सन् १९९० मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका इकोलोजिष्ट श्री श्याम वजिमयको टोलीले गरेको अध्ययनबाट यस आरक्षमा १३४६ नाउर रहेको तथ्याङ प्रस्तुत गरेको ६ वटा ब्लकको गणना थियो। अत्यन्त आकर्षक सिङ (Horn) भएको कारणले सौखिन स्वदेशी तथा विदेशीहरुले यसको शिकार गर्ने गर्दछन् ।

## नाउर शिकार सम्वन्धी व्यवस्था

व्यवस्थित र Sustainable शिकारको लागि ढोरपाटन शिकार आरक्षलाई ७ वटा ब्लकमा विभाजन गरिएको छ। जसमध्ये सुर्तिवाङ ब्लक वाहेकका ६ वटा ब्लकमा शिकारको वार्षिक कोटा निर्धारण गरिएको छ। सुर्तिवाङ ब्लकमा नाउर स्थायी रुपमा नरहने भएकाले कोटा निर्धारण गरिएको छैन्। दोगाडी ब्लकमा सबभन्दा बढी ६ वटा कोटा र बाँकी ५वटा ब्लकमा ४/४ वटा को दरले जम्मा वार्षिक २६ वटा कोटा नाउरको शिकारको लागि निर्धारण गरिएको छ। उक्त कोटा निर्धारण गर्दा हिमालयन शिकार रिजर्भ सम्वन्धी सन् १९७६ को प्रारम्भिक सर्वेक्षण (Preliminary Survery Report on Himalayan Shikar Reserve of 1976) प्रतिवेदनलाई आधार मानिएको छ।

## नाउर संरक्षणका चुनौतीहरु (**Challenges**):–

नाउरका लागि आवश्यक प्राकृतिक वासस्थानमा घरपालुवा वस्तुभाउलाई चराउने कार्यले गर्दा यसलाई आवश्यक वासस्थान दिन प्रतिदिन नष्ट हुँदै जानुका साथै आकर्षक सिङ भएकाले नाउरको गैरकानूनी शिकार तथा चोरी निकासीका कारणले संरक्षणमा थप चुनौतीहरु देखीएको छ। IUCN को खतराको सुची अनुसार यो प्रजाति कम सरोकार भएको (LC) वर्गमा पर्ने भएकाले यसमा संरक्षणविदहरुको कम ध्यान गइरहेको छ। यस्तो अवस्थाका कारणले गर्दा भविष्यमा यसको संख्यामा कमी आउने संभावना देखिन्छ।

## निष्कर्ष (**Conclusion**):–

समग्रमा भन्नुपर्दा पश्चिमी क्षेत्रको जैविक विविधताको धनी ढोरपाटन शिकार आरक्ष, नाउरको लागि राम्रो वासस्थानको रुपमा रहेको छ । यस आरक्षको समुचित संरक्षण र व्यवस्थापन गरेर नाउरको वासस्थानको संरक्षण गरी यसको नियमित रुपमा शिकार गर्ने व्यवस्था गरी राज्यले नियमित रुपमा राजश्व प्राप्त गर्ने र नेपाल सरकारले तय गरेको पर्यटन वर्ष २०११ मा पनि यो आरक्ष र यसको मुख्य प्रजाति नाउर स्वदेशी तथा विदेशी पर्यटकहरुको आकर्षणको केन्द्र बन्न सक्छ ।

## सन्दर्भ सुची


भुसाल, अर्जुन र दाहाल टि.एन. (२०६१), ढोरपाटन शिकार आरक्ष एक चिनारी. बागलुङ : ढोरपाटन शिकार आरक्ष

थापा, कृष्ण बहादुर (२०६०), वन दर्पण, तनहुँ ।

नेपालका संरक्षित क्षेत्रहरु (२०६०), काठमाडौं : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु र्सरक्षण विभागको वार्षिक प्रतिवेदन २०६५/६६ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ।